# Media Release

## एनएसडब्ल्यूको शीर्ष बहुसांस्कृतिक सम्मानका लागि मनोनयन खुला

**बुधबार १२ अगस्ट २०२६**

एनएसडब्लू सरकारले २०२७ बहुसांस्कृतिक समुदाय पदकहरू तथा सम्मान सूचीको लागि मनोनयनहरू आह्वान गरेको छ। एनएसडब्ल्यूका बहुसांस्कृतिक समाजमा उत्कृष्ट योगदान पुर्‍याइरहेका एनएसडब्ल्यू भरिका व्यक्ति तथा संस्थाहरूको सम्मानमा यी प्रतिष्ठित पुरस्कारहरू प्रदान गरिन्छन्।

बहुसांस्कृतिक समुदाय पदकहरूले सामुदायिक नेतृत्व, स्वयंसेवा, पैरवी, सेवा प्रवाह तथा विभिन्न संस्कृतिबीच अपनत्व, समावेशिता र समझदारी प्रवर्द्धन गर्ने पहलहरूमार्फत सकारात्मक परिवर्तन सिर्जना गरिरहेका व्यक्ति तथा संस्थाहरूलाई सम्मानित गर्दछन्। बहुसांस्कृतिक सम्मान सूची (Multicultural Honour Roll) ले विविध सांस्कृतिक पृष्ठभूमिका नेताहरूको उपलब्धि र उनीहरूले छाडेको विरासतलाई मरणोपरान्त सम्मानपूर्वक मान्यता प्रदान गर्दछ।

१३ वटा पदक श्रेणीका विजेताहरू र सम्मान सूचीमा समावेश हुने व्यक्तिहरूको घोषणा २०२७ को प्रिमियरको सद्भाव रात्रिभोजमा गरिनेछ, जुन बहुसांस्कृतिकता र एनएसडब्ल्यूभरि यसलाई सफल बनाउने व्यक्तिहरूलाई समर्पित वार्षिक कार्यक्रम हो।

मनोनयनका श्रेणीहरू निम्न छन्:

- **आजीवन समुदाय सेवा पदक –** आप्रवासी समुदाय भित्र ३० वा बढी वर्षको समुदाय सेवालाई मान्यता दिने
- **दोभाषे तथा अनुवादक पदक –** कुनै दोभाषे वा अनुवादकको उपलब्धिलाई कदर गर्ने
- **बहुसांस्कृतिक युवा सहयोग पदक –** विविध पृष्ठभूमिका विद्यालय उमेरका बच्चाहरूलाई सहयोग गर्ने कार्यक्रमहरूको लागि
- **दूर क्षेत्र एकता पदक –** आर्थिक, सामाजिक र सांस्कृतिक कल्याण र दूर क्षेत्रका समुदायको एकतामा योगदानको लागि
- **खेलकुद पदक –** कुनै व्यक्ति वा खेल विधालाई, जसले खेलकुद मार्फत अन्तरसांस्कृतिक समझदारीलाई प्रवर्द्धन गरेको छ
- **बहुसांस्कृतिक सञ्चार माध्यममा उत्कृष्ट रिपोर्ट –** बहुसांस्कृतिक सञ्चारमाध्यममा पत्रकारिताको उत्कृष्टतालाई कदर गर्न
- **वर्षको बहुसांस्कृतिक प्रकाशन –** उत्कृष्ट बहुसांस्कृतिक मिडिया प्रकाशनको लागि

मनोनयनहरू आइतबार २० सेप्टेम्बरमा बन्द हुनेछन्। थप जानकारीको लागि, वा एनएसडब्ल्यूको सद्भावमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्ति वा संस्थालाई मनोनयन गर्न, यहाँ हेर्नुहोस्: multicultural.nsw.gov.au/multicultural-community-medals/

**एनएसडब्ल्यू बहुसांस्कृतिक मामिला मन्त्री Steve Kamper ले भन्नुभयो:**

"एनएसडब्ल्यूसँग हरेक दिन हाम्रा समुदायहरूलाई एकताबद्ध बनाउने मानिसहरूको कारण सांस्कृतिक विविधताको गौरवशाली इतिहास छ।

"बहुसांस्कृतिक समुदाय पदकहरूले (Multicultural Community Medals) आफ्नो समर्पण मार्फत थप समावेशी, एकताबद्ध र सौहार्दपूर्ण एनएसडब्ल्यू निर्माण गर्न योगदान पुर्‍याउने मौन रूपमा उल्लेखनीय उपलब्धि हासिल गर्ने व्यक्तिहरू, सामुदायिक नेताहरू तथा संस्थाहरूलाई सम्मानित गर्दछन्।

“यदि तपाईंलाई कसैले वास्तवमै सकारात्मक परिवर्तन ल्याइरहेको छ भन्ने थाहा छ भने, चाहे उनीहरूले नयाँ आएका समुदायहरूलाई सहयोग गरिरहेका हुन्, भाषागत अवरोधहरू हटाउन योगदान दिइरहेका हुन्, वा खेलकुदमार्फत मानिसहरूलाई एकताबद्ध गरिरहेका हुन्, म उहाँहरूलाई मनोनयन गर्न प्रोत्साहित गर्दछु ताकि उहाँहरूको योगदानलाई उचित मूल्यांकन गर्न सकियोस्।”

**Multicultural NSW का कार्यकारी प्रमुख James Jegasothy ले भन्नुभयो**:

“हरेक वर्ष बहुसांस्कृतिक समुदाय पदकहरू (Multicultural Community Medals) ले आफ्ना समुदायका लागि अथक रूपमा कार्यरत व्यक्तिहरूका कथाहरूलाई उजागर गर्ने कार्य गर्छ।”

“कुनै व्यक्तिले पर्दा पछाडि रहेर असाधारण रूपमा उत्कृष्ट कार्य गरिरहेको छ र जसको समर्पण तथा सेवा मान्यता पाउन योग्य छ भन्ने कसैलाई थाहा छ भने, म उहाँलाई पुरस्कारका लागि मनोनयन गर्न हार्दिक आग्रह गर्दछु।”

**२०२६ को दूर क्षेत्र एकता पदककी विजेता Gargi Ganguly (My Guardian Group द्वारा प्रायोजित) ले भन्नुभयो:**

"बहुसांस्कृतिक सामुदायिक पदक प्राप्त गर्दा अष्ट्रेलियाको दूर क्षेत्रमा भइरहेको काम महत्त्वपूर्ण रहेको पुष्टि भयो ।

“यी पुरस्कारहरू समुदाय सेवाले पार्न सक्ने सकारात्मक प्रभावलाई मान्यता दिन तथा अरूको जीवनस्तर सुधार गर्न आफ्नो समय र ऊर्जा समर्पित गर्ने असङ्ख्य व्यक्तिहरूको योगदानलाई उजागर गर्नका लागि प्रदान गरिन्छन्।”

"यदि कसैले चुपचाप सम्बन्धका सेतुहरू निर्माण गरिरहेको छ, परिवारहरूलाई सहयोग गरिरहेको छ, युवाहरूलाई सल्लाह दिइरहेको छ, अवसरहरू सिर्जना गरिरहेको छ वा समुदायहरूलाई बढी आवद्द महसुस गर्न मद्दत गरिरहेको छ भने, तिनीहरूको योगदान मान्यता पाउन योग्य छ। उहाँहरूको कथा अरू कसैका लागि परिवर्तन ल्याउने प्रेरणाको स्रोत बन्न सक्छ।”